मिति: २०८०/१२/०७ | नेे.सं. ११४४ चिल्लाथ्व, ११ बुधबार | बैठक संख्या - १४

आज मिति २०८०/१२/०७ गते बुधबारको दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८०/०८१ को चौधौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ..........

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..........

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ..........

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ..........

६. वडा अध्यक्ष : श्री धनपति गिरी ..........

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ..........

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ..........

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ..........

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ..........

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ..........

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ..........

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई..........

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ..........

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा..........

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ..........

१७. प्रशासन शाखा प्रमुख श्री प्रकाश अधिकारी..........

१८. इन्जिनीयर श्री हिमाल पुरी..........

१९. लेखा अधिकृत श्री ईश्वरी प्रसाद पाण्डे ..........

प्रमाणित

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

२०. कम्प्युटर अपरेटर लक्ष्मी चुहान.......................................................................

२१. कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी.......................................................................

२२. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङदेन.......................................................................

प्रमाणित

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८०/१२/०७ | ने.सं. ११४४ चिल्लाथ्व, ११ बुधबार | बैठक संख्या - १४

<u>प्रस्तावहरू:-</u>

१. प्रशासकीय भवन घाटा मुल्याङ्कन समितिको प्रतिवेदन स्वीकृति सम्बन्धमा ।

२. प्रशासकीय भवनको लागत अनुमान स्वीकृति सम्बन्धमा ।

३. विविध ।

क. प्रशासकीय भवन आयोजना खरिद/ठेक्का प्रकृया सम्बन्धमा ।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८०/१२/०७ ने.सं. ११४४ चिल्लाथ्व, ११ बुधबार बैठक संख्या - १४

**निर्णय नं. -१**

यस गाउँपालिकाको प्रशासकीय भवन निर्माण आयोजनाको ठेक्का प्रकृया अगाडि बढाउँदा यस कार्यालयलाई पुग्न सक्ने संभावित प्राविधिक तथा आर्थिक पक्षको घाटाको मुल्याङ्कन गरी सुझाव सहित कार्यपालिकामा प्रतिवेदन पेश गर्न मिति २०८०/१२/०४ गतेको कार्यपालिका वैठकले वडा नं. ४ का वडा अध्यक्ष श्री धनपति गिरीको संयोजकत्वमा प्रशासकीय भवन घाटा मूल्याङ्कन समिति गठन गरिएको र उक्त समितिले यस कार्यपालिकामा पेश गरेको प्रतिवेदन तथा राय सुझाव माथि घनिभूत छलफल गरी स्वीकृत गरी सुझावको कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. –२**

यस गाउँपालिकाको प्रशासकीय भवन आयोजनाको लागत अनुमान रु. १०,९८,७६,३०३.३३ स्वीकृत गरी प्रमाणिकरणको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. -३**

**विविधः-**

क. यस गाउँपालिकाको प्रशासकीय भवन निर्माण आयोजनाको यस अघिको सम्पूर्ण ठेक्का प्रकृया अन्त्य गर्दै सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ (९) मा सोहि दफाको उपदफा ७ बमोजिम सम्झौता अन्त्य भएमा त्यस्तो सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्नका लागि दफा २५ बमोजिम छनौट भएका बोलपत्रदाताहरू मध्येबाट पन्ध्र दिनको म्याद दिई तोकिए बमोजिम आर्थिक प्रस्ताव मात्र माग गरी खरीद प्रकृया अगाडि बढाउँदा हुन सक्ने मिलिमतो तथा अपारदर्शी क्रियाकलापका साथै भ्रष्टाचारजन्य गतिविधि हुनसक्ने भएकोले उक्त कार्यलाई निरुत्साहित गर्न गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य नयाँ खरीद/ठेक्का प्रकृया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

ख. "हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गर्दा हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ को मापदण्ड बाहेकको अन्य विपन्न परिवारको तपसिलको व्यक्तिहरूलाई अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

तपसिल

| क्र.सं. | पूरा नामथर | ठेगाना | प्रकृति | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | राम प्यारी नेम्बाङ | हिलिहाङ-६, पाँचथर | प्यारालाइसिस | रु. २५,०००/- | बिरामीको श्रीमती |

ग. यस गाउँपालिका क्षेत्र भित्र हुन सक्ने सम्भावित विपद् घटनाक्रमलाई मध्यनजर राखी रु. १,००,०००-/ (अक्षरेपि एक लाख रुपैयाँ) आवश्यक विपद् सामाग्री प्रकोप व्यवस्थापन कोष खर्च शीर्षकबाट खरीद प्रकृया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

घ. यस गाउँपालिका वडा नं. ७ मा रहेको श्री सुसुलुङ आधारभूत विद्यालयको भवन वर्षा याममा भारी वर्षाका कारण पहिरोले भवनमा आंशिक रुपमा क्षति पुगेको र उक्त भवन मर्मत, सरसफाई तथा भवन सम्म पुग्ने बाटो निर्माण कार्यको लागि प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी पालिकाको ब्याक हो लोडरबाट उक्त कार्य गर्ने तथा सो वापतको खर्च आउँदो कार्यपालिका बैठकबाट अनुमोदन गर्ने।

ध्रुवेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत